१२३ श्री

आज मिति २०७८ साल कार्तिक ४ गते यस भेरीगंगा नगरपालिकाका का.वा. नगर प्रमुख श्री हरि प्रसाद कंडेलको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री हरि प्रसाद कंडेल, का.वा. नगर प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी)
श्री लक्ष्मन बि.क, कम्प्युटर सहयोगी
श्री बीर बहादुर चुनारा का.स.

Scanned with CamScanner

**निर्णय नं. १ :** नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय सामुदायिक ग्रामीण विद्युतीकरण विभाग, बालाजु काठमाडौंको प.सं २०७८।०७९, प्र.शा./ च.नं. १२३ मिति २०७८।०५।१३ को पत्र बैठकमा प्रस्तुत भई छलफल गरियो । सो प्राप्त पत्रानुसार नयाँ लोड सेन्टर बनाई ट्रान्सफर्मर राख्न एल.टि.एफ.टि लाइन विस्तार गर्ने सम्बन्धी सामुदायिक ग्रामीण विद्युतीकरण निर्देशक समितिको मिति २०७८।०५।०९ को १२९ औ बैठकको निर्णय अनुसार भेरीगंगा नगरपालिकाको वडा नं. १, २, ३ र ५ को बाँकी क्षेत्र ११ के.भी. लाइन निर्माण ३६ कि.मी एल टि चार तार २७ कि.मी. एल.टि. ३ तार ९ कि.मी. एल टि २ तार ९ कि.मी ट्रान्सफर्मर ५० के.भि.एसको ७ थानको निर्माण सम्पन्न गर्न लाग्ने कुल लागत रु. ८,६०,५८,५२५।६१ भ्याट समेतको सम्झौता गर्नुपूर्व संस्थाले जम्मा गर्नुपर्ने १०% को रकम ८६,०५,८५२।५६ यस भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुर्खेतका A/C पेयी चेक काटी सामुदायिक ग्रामिण विद्युतीकरण विभाग बालाजु, काठमाडौंको सिटिजन बैंक लिमिटेड न्युरोड काठमाडौंमा रहेको धरौटी खाता नं. ००७०१०००००९५५२०१ मा दाखिला गरी सम्झौता गर्नुपर्ने र यस भन्दा अघिल्लो सम्झौताको कार्य विवरणसँग गर्ने कार्य नदोहोरिने गरी गर्न लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७ का ३५७० घरधुरीमा विद्युत सेवा उपलब्ध गराउन लाग्ने कुल लागत रकम रु. १०,२०,३१,४१०।२७ (भ्याटसमेत) सो को १० प्रतिशत हुने रकम रु. १,०२,०३,१४१।०२ के कति खर्च भयो ? सो को विवरण सम्बन्धित निकायबाट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** भेरीगंगा नगरपालिका वडा नं. १० को १३२ के.भि हाइटेशन कोहलपुर-दैलेख खण्डको विद्युत लाइन झिलमिले, थानीचौर बस्ती प्रभावित पार्ने भएको हुँदा गौरीशंकर सामुदायिक वन क्षेत्रबाट लिनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** काँक्रेविहार क्लब वीरेन्द्रनगर-४ सुर्खेतले मिति २०७८ कार्तिक ५ देखि ९ गतेसम्म काँक्रेविहार गोल्डकप २०७८ फुटबल प्रतियोगिता संचालन गर्ने भएको हुँदा भेरीगंगा नगरपालिकाबाट सहभागी हुने फुटबल टिमलाई भैपरी शीर्षकबाट रु.३००००।- सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** यस भेरीगंगा नगरपालिकाको मिति २०७८।०६।०८ गते प्रकाशित रोजगार संयोजकको पदपूर्ति सम्बन्धमा कार्यपालिकाको मिति २०७८।०६।०४ गतेको निर्णय अनुसार पदपूर्तिको संयोजक प्रमख प्रशासकीय अधिकृत श्री जगत बहादुर बस्नेतलाई तोक्ने र उक्त पदको पदपूर्तिको बाँकी प्रक्रिया कर्मचारी व्यवस्थापन रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस भेरीगंगा नगरपालिकाबाट कर्मचारी सेवा ऐन २०७८ बमोजिम बढुवा तथा स्तरवृद्धीका लागि ऐनको दफा ३३ मा भएको व्यवस्था बमोजिम समितिको सदस्यको रुपमा प्रमुख प्रशासकीय अधिकृत श्री जगत बहादुर बस्नेत, शाखा अधिकृत श्री सिता कुमारी खत्री र नगर स्वास्थ्य शाखा प्रमुख श्री राजेश बुढालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** भेरीगंगा उज्यालो कार्यक्रम अन्तर्गत भएको सोलारको मर्मत गर्नुपर्ने भएकोले सो को मर्मत गर्न रकम यकिन गरी लाग्ने रकम भैपरी शीर्षकबाट रु. ५००००।- छुट्याउने निर्णय गरियो ।

Scanned with CamScanner